ADVOCACY FORUM

REDRESS
Ending Torture. Seeking Justice for Survivors

मिति : २०६८।३।२१

**श्री सम्मानीय प्रधानमन्त्री झलनाथ खनाल ज्यू**
**प्रधानमन्त्रीको कार्यालय**
**सिंहदरवार, काठमाण्डौ**

विषय : संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिको निर्णय कार्यन्वयन सम्वन्धमा ।

पीडित युवराज गिरीको कानुनी परामर्शदाताका रूपमा हामी एड्भोकेसी फोरम नेपाल (यसपछि "एड्भोकेसी फोरम" भनिएको) र यसको साझेदार रिड्रेस ट्रष्ट (यसपछि "रिड्रेस" भनिएको) संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले (यसपछि "समिति" भनिएको) हालसालै युवराज गिरीको मुद्दामा गरेको निर्णयको सन्दर्भमा यहाँको ध्यानाकर्षण गराउन चाहन्छौं । समितिले गरेको यो निर्णयले नेपाल सरकार लाई गिरीको मुद्दा लगायत द्वन्द्वकालमा भएका कानुनको दायरामा धेरै नै गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका मुद्दाहरूलाई सम्बोधन गर्नका लागि महत्वपूर्ण मार्ग प्रदान गरेको छ ।

पीडित गिरीलाई सन् २००४-२००५ मा स्वेच्छाचारी ढङ्गले पक्राउ गरीलामो समयसम्म सम्पर्कविहीन बनाई थुनामा राखि लगातार यातना तथा अन्य दुर्व्यवहार गरिएको थियो । गिरीको यस्तो अवस्थाको बारेमा प्रहरीलाई अवगत गराई फौजदारी अभियोग अन्तर्गत मुद्दा दर्ता गराउने प्रयास गरिएको भएतापनि निजको हकमा कुनै पनि अनुसन्धान गरिएको छैन र कुनै व्यक्तिउपर कानुनी कारवाही पनि गरिएको छैन ।

पीडित गिरी र उसको परिवारको हकमा राजनैतिक र नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ( ICCPR) उल्लंघन भएको समितिको स्पष्टोक्ति रहेको छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गत आफ्नो दायित्व पूरा गर्दै पीडित र उसको परिवारलाई प्रभावकारी कानुनी उपचार प्रदान गर्न समितिले नेपाल सरकारलाई आह्वान गरेको छ ।

समितिले विशेषगरेर नेपाल सरकारले देहायबमोजिमका आफ्नो दायित्व पूरा गर्नुपर्ने निर्णय सुनाएको छ :

- पीडित गिरीमाथि भएको यातना तथा दुर्व्यवहारको प्रभावकारी अनुसन्धान भएको सुनिश्चित गर्ने ।
- घटनाका जिम्मेवार व्यक्तिलाई कानुनी कारवाही गर्ने,
- पीडित र उसको परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्ने,
- पीडित गिरी र उसको परिवार प्रतिशोध वा संत्रासबाट सुरक्षित रहने कुरा सुनिश्चित गर्ने,
- भविष्यमा हुने यस्ताखाले उल्लंघनका घटनालाई रोक्ने संयन्त्रको विकास गर्ने,

**अनुसन्धान**

अन्य धेरै मुद्दामा प्रयास गरिएजस्तै समितिको विचारलाई कार्यान्वयन गराउन नेपाल सरकार भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रमा आश्रित हुनु हुँदैन भनी एड्भोकेसी फोरम र रिड्रेसले जोड दिएका छन् । यस्ता संयन्त्र स्थापनाको पर्खाइले पीडितको न्याय पाउने अधिकारलाई अझ विलम्ब गराउने मात्र नभई अर्धन्यायिक संयन्त्रको रूपमा यी संयन्त्रले अन्तर्राष्ट्रिय अनुबन्धले निर्धारण गरेबमोजिमको उचित एवं प्रभावकारी कानुनी उपचार पनि प्रदान गर्न सक्दैनन् ।

पीडित गिरीको मुद्दामा समितिले गरेको निर्णयमा यो कुराको पहिचान गरिसकेको छ[1]र समितिको यो धारणालाई नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले पनि समर्थन गरेको छ[2] । संक्रमणकालीन न्यायका संयन्त्रको स्थापना गर्ने सरकारी प्रतिबद्धताको भरमा नै वा यस्ता संयन्त्र वास्तवमा स्थापित भई कार्यसम्पादन गरेतापनि विद्यमान न्याय प्रणालीलाई मुल्तबीमा राख्नु किमार्थ पनि सही हुँदैन । यस्ता संयन्त्रसँग न्यायिक अधिकार नरहने हुनाले उल्लंघनका पीडकलाई अभियोजन गर्न र सजाय दिन सक्दैन । तसर्थ हाल विद्यमान रहेको सामान्य फौजदारी न्याय प्रणाली नै यस्ता अपराधउपर अनुसन्धान गर्ने र मुद्दा चलाउने उपयुक्त संयन्त्र हो ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन अनुसार अनुसन्धान प्रक्रियालाई निष्पक्ष र प्रभावकारी रूपले सम्पादन गर्नका लागि एड्भोकेसी फोरम र रिड्रेस नेपाल सरकारलाई निम्नलिखित दायित्व पूरा गर्न आह्वान गर्दछ :

- अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाउनका लागि उच्चपदस्थ प्रहरी अधिकारीको निर्देशनमा रहनेगरी एउटा स्वतन्त्र प्रहरी अनुसन्धान समितिको गठन गर्ने ;
- अनुसन्धानको पारदर्शिता सुनिश्चित गर्ने र विशेषगरेर अनुसन्धान प्रक्रियामा पीडित गिरी र उसको परिवारको पनि संलग्नता हुने कुरा निश्चित गर्दै उनीहरूलाई अनुसन्धानमा भएको प्रगति र परिणामका बारे सूचित गर्ने ;
- विना कुनै ढिलाइ अनुसन्धान कार्य अगाडि बढिरहेको सुनिश्चित गर्ने । सम्बन्धित अधिकारीसमक्ष यो मुद्दा पुगेको ४ वर्ष बितिसक्दा पनि यसमा कुनै अनुसन्धान हुन नसक्नु"अनुचित ढिलाइको" कारणले भएको ठहर समितिको रहेको छ। यी अभियोगका बारे प्रहरीलाई जानकारी गराएको झण्डै ६ वर्ष भएकोले अब अरु थप ढिलाइ अस्वीकार्य हुने ।
- नेपाली सेना र पूर्व प्रधानसेनापति रुक्मांगद कटवालसहित अन्य सेवानिवृत्त सैनिक अधिकारीले अनुसन्धान कार्यमा सहयोग गर्ने कुरा सुनिश्चित गर्ने;
- अनुसन्धानका दौरान पीडित गिरी, उसको परिवार र संभावित साक्षी कुनै पनि प्रकारको सम्भाव्य प्रतिशोध वा संत्रासबाट सुरक्षित रहेको कुरा सुनिश्चित गर्नका लागि उपयुक्त योजना र सुरक्षा उपायहरू तर्जुमा गर्ने;

## मुद्दाको महत्व

उल्लेखित मुद्दाउपर समितिको निर्णयले द्वन्द्वकालीन समयदेखि नै नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लंघनका घटनाको अनुसन्धान र अभियोजन गर्न असफल रहेको कुरामा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदछ । यस मुद्दाका सन्दर्भमा रहेका अधिकार, जस्तै यातना, स्वेच्छाचारी ढङ्गले गरिने पक्राउ, थुना र थुनास्थलमा हुने अमानवीय व्यवहारविरुद्धको अधिकार सम्पूर्ण अहरणीय अधिकार हुन् र यसको उल्लंघनका पीडितले अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गतको अहरणीय अधिकार सरह नै शीघ्र र प्रभावकारी कानुनी उपचार पाउँदछ । द्वन्द्वको समयदेखि नै यस्तै र बाँच्न पाउने अधिकारलगायत अन्य अहरणीय अधिकार उल्लंघनका हजारौं अन्य मुद्दाको बारेमा सरकारलाई राम्रो जानकारी भएतापनि एउटै मुद्दाको पनि अनुसन्धान गरी पीडकलाई सजाय दिइएको छैन ।

अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गत मानव अधिकार उल्लंघनका अभियोगउपर शीघ्र, विस्तृत र निष्पक्ष अनुसन्धान गरी अपराध प्रमाणित भएमा दोषीलाई कारबाही गर्न अनुबन्धको पक्षराष्ट्रको स्पष्ट दायित्व हुन्छ । यस सन्दर्भमा समितिको निर्णयले कुनैपनि राष्ट्र द्वन्द्वकालमा भएका अपराधको अभियोजन गर्ने आफ्नो जिम्मेवारीबाट उम्कन नपाउने कुरा स्पष्ट पार्दछ । विगत केही महिनामा सरकारका केही मन्त्रीहरुले

---

[1]See paragraph 6.3, in relation to the National Human Rights Commission, where the Committee made the point that the appropriate remedy in such a case is a judicial remedy.

[2]OHCHR-Nepal, "The Relationship between Transitional Justice Mechanisms and the Criminal Justice System", 30 March 2011, available at http://www.un.org.np/report/relationship-between-transitional-justice-mechanisms-and-criminal-justice-system.

मानवअधिकार उल्लंघनका अपराधमा कुनै किसिमको दण्ड दिइनुहुँदैन भन्ने आशयको खेदपूर्ण अभिव्यक्ति दिएअनुरूप सरकारले अभियोजन गर्नु नहुने दाबी गर्न मिल्दैन ।

सम्बन्धित अधिकारीसमक्ष पीडित गिरीको मुद्दा पुगेको ४ वर्ष बितिसक्दा पनि यसमा कुनै अनुसन्धान हुन नसक्नु "अनुचित ढिलाइको"कारणले गर्दा भएको हो भन्ने ठहर गर्दै यसले अन्तर्राष्ट्रिय अनुबन्धको पनि उल्लंघन गरेको निष्कर्ष समितिको रहेको छ । द्वन्द्वकालीन समयका धेरै पीडितले अझ लामो ढिलाइ भोग्नुपरेको र यसले उनीहरूको मुद्दामा अन्तर्राष्ट्रिय अनुबन्धको पनि छुट्टै उल्लंघन भएको देखाउँदछ । पीडितलाई न्याय र कानुनी उपचार तत्काल सुनिश्चित गर्न सरकारले आफ्नो प्रयासलाई अझ वृद्धि गर्नुपर्दछ । यसका लागि सरकारले निम्नलिखित उपाय अवलम्बन गर्नुपर्दछ :

- द्वन्द्वकालका दौरान भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनामा क्षमादान गरिनुपर्ने मागको जोडदार भर्त्सना गर्ने ;
- यस्ताखाले अपराधको अनुसन्धान र अभियोजनमा हुने राजनैतिक हस्तक्षेपको अन्त्य गर्ने;
- सूर्य प्रसाद शर्माको बेपत्ता पारिएको मुद्दालगायत मानवअधिकार उल्लंघनका अन्य मुद्दामा समितिको विचारलाई अविलम्ब कार्यान्वयन गर्ने ;
- यी मुद्दाका सम्बन्धमा न्यायिक अङ्गहरूलाई समर्थन रहेको सुनिश्चित गर्ने । उदाहरणका लागि पक्राउ पुर्जी जारी भएपछि त्यसको पालना भएको र विशेष मुद्दामा परमादेशको आदेश जारी भएपश्चात् त्यसको पालना गरिएको सुनिश्चित गर्ने ;
- प्रहरीले द्वन्द्वकालमा भएका अपराधको जाहेरी दरखास्त लिन स्वीकार गर्ने कुरा सुनिश्चित गर्न उपाय तर्जुमा गर्ने ;
- द्वन्द्वकालमा भएका अपराध अनुसन्धानका लागि प्रहरीलाई सहयोग गर्ने र यस्तो अनुसन्धानमा सेना र सेवानिवृत्त सैनिक अधिकारीहरूको सहयोगरहने कुरा सुनिश्चित गर्ने;
- संक्रमणकालीन न्याय संयन्त्रले द्वन्द्वकालमा भएका अपराधको अनुसन्धानका सन्दर्भमा विद्यमान फौजदारी न्याय प्रणालीलाई प्रतिस्थापित नगरी यसको पूरण मात्र गर्नुपर्दछ भन्ने कुराको पहिचान गरी उक्त संयन्त्रको विधेयक शीघ्रतापूर्वक पारित गर्ने ।

**भविष्यमा हुने यस्ताखाले मानवअधिकार उल्लंघनका घटनालाई रोक्ने**

पीडित गिरीको मुद्दामा अन्तर्राष्ट्रिय अनुबन्धको गम्भीर उल्लंघन भएको कुरा प्रमाणित भएको छ । समितिले आफ्नो निर्णयमा पहिचान गरेको र अपेक्षा गरेअनुरूप भविष्यमा हुने यस्ताखाले मानवअधिकार उल्लंघनका घटना रोक्न नेपालको सकारात्मक दायित्व रहेको छ ।

यस्ता उल्लंघनका घटनाका सन्दर्भमा प्रहरी र फौजदारी न्याय प्रणालीको कार्य सुनिश्चित गरिनुपूर्व पीडित गिरीले भोग्नुपरेको उल्लंघन नेपालको कानुन अन्तर्गत अपराधको रूपमा स्थापित गरिएको र अपराधीलाई उचित रूपले दण्डित गरिएको कुराको सुनिश्चित गरिनु महत्वपूर्ण छ । विशेषगरेर यातना र जबरजस्ती बेपत्ताका घटनालाई अविलम्ब फौजदारी अभियोगको रुपमा स्थापित गरिनुपर्दछ ।
संयुक्त राष्ट्रसंघीय विश्वव्यापी आवधिक समीक्षाले सिफारिस गरेबमोजिम नेपालले जबरजस्ती वा अस्वैच्छिक बेपत्ताविरुद्ध सबै व्यक्तिको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (UN Convention for the Protection of All Persons from Enforced or Involuntary Disappearances) र यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखलाई पनि अनुमोदन गर्नुपर्दछ । यी सन्धिलाई अनुमोदन गर्नुपूर्व आफ्नो राष्ट्रिय क्षमता अभिवृद्धि गर्नु जरुरी छ भन्ने नेपाल सरकारको धारणा निसन्देह नै समायोचित छ किनकि वर्तमान परिस्थितिमा नेपाल सरकारले यातना तथा जबरजस्ती बेपत्ताजस्ता कसूरलाई रोकथाम गर्न सम्भव भएसम्मका सबै उपायहरु अबलम्बन गर्नुपर्ने कुराको सुनिश्चितता गर्नु अत्यन्त आवश्यक पनि छ । यी अन्तर्राष्ट्रिय सन्धिका संरचनाभित्र रहेका प्रतिबद्धताको पहिचान गर्न सकेमा मात्र नेपालले आफ्नो राष्ट्रिय क्षमता अभिवृद्धि गर्न सक्दछ ।

यसैअनुरूप यस्ता उल्लंघनका घटना भविष्यमा नदोहोरिने सुनिश्चित गर्नका लागि सरकारले दण्डहीनतासँगै बढ्ने व्यवहारिक विषयलाई संबोधन गर्नुपर्दछ । उदाहरणका लागि आफूले दर्ता गरेको मुद्दा फिर्ता लिन राज्यका अधिकारीले पीडित वा उनीहरुका कानुनी परामर्शदातालाई धम्क्याउने गरेका धेरै दृष्टान्त रहेका छन् । तसर्थ उजुरवाला र उनीहरूका परिवारलाई उचित सुरक्षा प्रदान गरिनुपर्दछ र पीडित वा साक्षीलाई धम्क्याउने अधिकारीमाथि कडा कारवाही हुनुपर्दछ । यसका अतिरिक्त यातना भए नभएको पुष्टि स्वास्थ्य परीक्षणले गर्ने र स्वास्थ्य परीक्षणको रिपोर्ट यस्ता उल्लंघनका घटनामा प्रमाणको रूपमा प्रयोग गरिने कुरा सुनिश्चित गर्न स्वास्थ्यकर्मीलाई स्वास्थ्य जाँचसम्बन्धी महत्वपूर्ण तालिम दिइनु पर्दछ ।

**निष्कर्ष**

अन्तर्राष्ट्रिय दायित्व र विधिको शासनप्रतिको आफ्नो प्रतिबद्धता निम्नलिखित कुरालाई अनुसरण गर्दै पूर्ण निष्ठाकासाथ प्रदर्शित गर्न एड्भोकेसी फोरम र रिड्रेस नेपाल सरकार समक्ष आग्रह गर्दछ :

- माथि उल्लेख गरिएजस्तै एक स्वतन्त्र र निष्पक्ष अनुसन्धानको थालनी गरी पीडित गिरीको मुद्दामा समितिले व्यक्त गरेको धारणालाई शीघ्र कार्यान्वयन गर्न सरकारले अवलम्बन गर्ने ठोस कदमका बारे सार्वजनिक रूपले घोषणा गर्ने
- द्वन्द्वकालका दौरान भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनामा क्षमादान गरिनुपर्ने अभिव्यक्तिको भर्त्सना गर्ने यस्ताखालको अपराधको अनुसन्धान र अभियोजनमा हुने राजनैतिक हस्तक्षेपको अन्त्य गर्ने र मानवअधिकार उल्लंघनका पीडितको न्यायमा पहुँच सुनिश्चित गर्दै फौजदारी न्याय प्रणालीलाई प्रवर्द्धन गर्न सकारात्मक कदम चाल्ने । यसमा समितिले व्यक्त गरेको विचार र अदालतका आदेशलाई कार्यान्वयन गर्ने कुरा महत्वपूर्ण रहेका छन् जसले नेपाल विधिको शासन र मानवअधिकारप्रति प्रतिबद्ध रहेको र दण्डहीनताको अन्त्य गर्न कटिबद्ध रहेको कुरा प्रदर्शित गर्दछ ।
- यातना तथा जबरजस्ती बेपत्तालाई अविलम्ब फौजदारी अभियोगका रूपमा स्थापित गर्दै यस्ताखालको उल्लंघनका घटनाको पुनरावृत्ति नहुने कुरा सुनिश्चित गर्ने र यस्ता उल्लंघनलाई दण्डहीनतासँगै बढाउन मद्दत गर्ने व्यवहारिक पक्षलाई संबोधन गर्ने

गत महिना मात्रै संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्समक्ष *“अन्तरिम संविधानमा उल्लेखित मौलिक अधिकार र आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप मानवअधिकारको संस्कारमा आधारित एक समावेशी राष्ट्रको निर्माण गर्न* आफू कटिबद्ध रहेको कुरा पुष्टि गर्दै नेपाल सरकारले अन्तर्राष्ट्रिय समुदायसमक्ष सहयोग, समर्थन र हार्दिकताको अपेक्षा गरेको थियो ।

पीडित गिरीको मुद्दामा समितिको विचारलाई कार्यान्वयन गर्न ठोस कदम लिएर र अन्य मुद्दामा समितिको उक्त विचारलाई गम्भीरतापूर्वक हृदयंगम गरी नेपाल सरकारले वास्तवमा मानव अधिकारको रक्षा लगायत आफ्नो अन्तर्राष्ट्रिय सन्धिजनित प्रतिबद्धताको पूर्ण पालना गरेको भनी अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रमाणित गर्नु पर्दछ र सो को लागि अनुरोध गर्दै सो समितिको निर्णय यसै साथ राखि यो पत्राचार गरेका छौ ।

वोधार्थ :
१. श्रीमान प्रमुख सचिव ज्यू नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरवार काठमाण्डौ ।
२. श्रीमान सचिव ज्यू, गृह मन्त्रालय, सिंहदरवार काठमाण्डौ

मन्दिरा शर्मा
अध्यक्ष
एड्भोकेसी फोरम

काला फजम्यान
निर्देशक,
रिड्रेस, यु.के.